छत्रकोट गाउँपालिका
**Chhatrakot Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
चोयगा, गुल्मी
Choyaga, Gulmi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं./Ref. No.: ०८१/८२(081/82)
च.नं./Dis. No.: 269

मितिः २०८१।०५।०७

श्री वैदेशिक रोजगारमा संलग्न भएका परिवारका सदस्य सबै
छत्रकोट गाउँपालिका

विषय : वैदेशिक रोजगार सन्तति छात्रवृत्ति कार्यक्रममा आवेदन दिने सम्बन्धमा ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्ड सचिवालयको मिति २०८१/०४/३१ सूचना अनुसार श्रम स्वीकृती गरी वैदेशिक रोजगारमा गएर मृत्यु, अंगभंग वा विरामी भइ कल्याणकारी कोषबाट सचिवालय मार्फत शत प्रतिशत सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति प्रदान गरिने भएकाले नियमानुसार आवेदन दिनुहुन सरोकारवाला सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**१. विद्यार्थीले निवेदन पेश गर्ने निकाय :** आफु अध्यनरत विद्यालयमा कार्यविधीको अनुसुची-१ बमोजिमको ढाँचामा (कार्यविधि **www.feb.gov.np** मा उपलब्ध छ) २०८१ असोज मसान्त भित्रमा पेश गर्ने । विद्यार्थीको स्थायी ठेगाना अन्यत्र भए पनि नाता प्रमाणित लगायत वडा कार्यालयबाट गर्नुपर्ने कागजात आफ्नो स्थानीय तहमा बनाई अध्ययतरत विद्यालयमा छत्रवृत्तिको लागि निवेदन पेश गर्नुपर्ने ।

**२. छात्रवृत्तिका प्राप्त लक्षित वर्ग :**

- श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई निर्धारित अवधिभित्र मृत्यू वा अंगभंग वा विरामी भइ वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी ।(शत प्रतिशत भन्नाले २०६५/०७/१८ देखी २०६८/०२/१९ सम्म रु. १ लाख, २०६८/०२/२० देखी २०७१/०६/३० सम्म रु. १ लाखा ५० हजार, २०७१/०६/३१ देखी २०७४/०४/१५ सम्म रु. ३ लाख र २०७४/०४/१६ देखी निवेदन दिने अन्तिम मिति सम्म रु. ७ लाख प्राप्त हुने ।मृत्यु वा अंगभंग भएका तर आर्थिक सहायता/क्षतिपुर्ति वापत पूर्ण रकम नगरेका/श्रम स्वीकृत नगरी बैदेशिक रोजगारमा गएका लाभग्राहीले यो छात्रवृत्ति प्राप्त नहुने ।)
- नेपालको जुनसुकै सामूदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पुर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखी कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालवालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- मिति २०८१ असोज मसान्तसम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालवालिकालाई मात्र शैक्षिक सत्र २०८१ को छात्रवृत्ति उपलब्ध गराइनेछ ।
- शैक्षिक सत्र २०८० मा रितपुर्वक निवेदन पेश गरेका तर आर्थिक वर्ष २०८०/८१मा रकम प्राप्त गर्न नसकेका छात्रछात्राले समेत यस आर्थिक वर्षमा छुट छात्रवृत्ति पाउने ।

**३. निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु :**

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिलिपि ।

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

- वैदेशिक रोजगारमा गइ मृत्यु भएका कामदारको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात ।
- विद्यार्थिको जन्म दर्ताको प्रतिलिपि ।
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपि ।
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजात ( चेकबुक) को प्रति ।
- हाल अध्ययनरत भएको विद्यालयको सिफारिस ।
- शिक्षा समितिको निर्णय एवं सम्बन्धित स्थानियतहको सिफारिस ।

**४. छात्रवृत्तिको रकमको सिमा :**

- बार्षिक रुपमा आधारभूत तहमा अध्ययनरत लागि रु. १२०००/- (बाह्र हजार मात्र) र माध्यमिक तहका लागि रु. १६०००/- (सोह्र हजार मात्र) प्रदान गरिने छ ।
- एक जना विद्यार्थिलाई एउटा कक्षाममा १ पटकका लागि मात्र बार्षिक रुपमा एकमुष्ट छात्रवृत्ति सिधै बैंक खाता मार्फत उपलब्ध गराइनेछ । एउटा कामदारका जति संख्यामा योग्यता पुगेका सन्तती भए पनि सहायता उपलब्ध हुनेछ ।

**५. विद्यार्थी एवं अविभावकको जिम्मेवारी:**

- सूचना प्राप्त भए पश्चात कार्यविधि अध्ययन गरी सो बमोजिमका सम्पूर्ण कागजात तयार गरी सम्बन्धित विद्यालयमा निवेदन पेश गर्ने ।

**६. विद्यालयको जिम्मेवारी :**

- सम्बन्धित सबै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजागर सन्तती छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने ।
- पेश भएका निवेदन संकलन गरी बैदेशिक रोजगार सन्तती छात्रवृत्ति संचालन कार्यविधि बमोजिम निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु जाँचबुझ गर्नु पर्नेछ ।
- जाँचबुझ उपयुक्त ठहर गरेका निवेदकहरु सो कार्यविधिको अनुसूचि २ को ढाँचामा २०८१ असोज मसान्तभित्र सिफारिस सहित सम्बन्धित स्थानिय तहमा पठाउनु पर्ने छ ।म्याद नाघी आएका निवेदनउपर कारवाही नहुने हुँदा निर्धारित अवधिभित्र सो कार्य गर्नु गराउनु होला ।

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा**

मिति : ..................

श्री प्रधानाध्यापकज्यू

...........................

**विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................. मा .......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

<u>संलग्न कागजातहरू</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

<u>निवेदक</u>

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

अनुसूची-२

(कार्यविधिको दफा ७ (३) सँग सम्वन्धित)

**विद्यालयको सिफारिसको ढांचा**

मिति : ...............

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
..................पालिका ,...........।

**विषय : सिफारिस सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

<u>संलग्न कागजात</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,

(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव



छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

अनुसूची-३

(कार्यविधिको दफा ७ (५) संग सम्बन्धित)

**स्थानीय तहको सिफारिस ढाँचा**

मितिः ..................

श्री कार्यकारी निर्देशकज्यू,
वैदेशिक रोजगार बोर्डको सचिवालय,
बबरमहल, काठमाण्डौं।

**विषय : सिफारिस सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा यस स्थानीय तहभित्रका तपसिल बमोजिमका विद्यालयमा अध्ययनरत भएका निम्न परिवारका निम्न विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्न उपयुक्त छ भनी विभिन्न विद्यालयबाट सिफारिस भई आएकोमा मिति...........मा सम्पन्न छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम निम्न विद्यार्थीहरूलाई छात्रवृत्ति रकम उपलब्ध गराउन उपयुक्त देखी प्राप्त निर्णयार्थ सिफारिस गरिन्छ।

<u>संलग्न विवरण</u>

| क. सं. | विद्यार्थी को नाम | विद्यालयको नाम | जन्म मिति | कक्षा | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको नाम | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँग नाता | राहदानी नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल